# हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ)

## (वार्षिक प्रतिवेदन २०८०/०८१)



कावासोती नगरपालिका २,  नवलपरासी
ई-मेल : hicodef@ntc.net.np
वेभ साइट: www.hicodef.org.np
फोन नं. ०७८- ५४०१७२/५४०२१२

# प्राक्कथन

कोभिड-१९ को महामारी, त्यसपछी ब्याप्त रहेको आर्थिक सुसुप्तता लगायत आम समाजमा परेको प्रतिकुल प्रभावका कारणले सिर्जित विविध समस्याहरुको सम्बोधन गर्दा गर्दै समसामयिक विश्व नै एक प्रकारको अलमलमा रहेको अवश्था विद्यमान छ । यिनै फराकिला परिवेशमा रहेर सामाजिक क्षेत्रमा काम गरिहेको हिमालयन सामुदायिक विकास मन्च (हिकोडेफ) पनि यि सबै कारणहरु बाट अछुतो रहन सक्ने कुरो भएन । बर्तमान अवश्थामा विविध प्रयासहरुका बावजुद पनि कुनै नयाँ परियोजनाहरु आउन सकेका छैनन । बरु विगत एक दशक भन्दा लामो समय देखी संचालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम समेत यस आर्थिक वर्षको अन्त्य संगै समापन भएको छ । तसर्थ यस वर्ष पनि संचालनमा रहेका कार्यक्रमहरु द ग्लेसियर ट्रष्ट, हेल्भेटास सामी तथा हेल्भेटास टि बि यस यु मार्फत संचालिन परियोजनाहरुमा नै निरन्तरता दिईयो । यसका साथै मध्यविन्दु जिल्ला अस्पतालमा अस्पतालकै सहयोगमा संचालित सामाजिक सेवा ईकाईलाई पनि निरन्तरता दिईयो ।

पछिल्ला दिनमा गण्डकी प्रदेशको यो भुगोल (नवलपरासी पूर्व) विकासे संस्थाको कम प्राथमिकतामा पर्ने गरेको महशुस गरिएको छ । यसका कारण यहाँका लागि जति पनि आसय पत्रहरु पेश गरिएका छन, खासै सम्बोधन नै हुन नसकेको अवश्था छ । द ग्लेसियर ट्रष्टसंगको कार्यक्रमका हकमा भने हाल हामी आगामी चरणमा गर्नै कामका लागि खेश्रा प्रश्ताव गरेर छलफलको चरणमा रहेका छौ ।

यस अवधिमा समाज कल्याण परिषद बाट ग्लेसियर ट्रष्टसंगको साझेदारीमा संचालित अनुकुलनका लागि तले खेती (Layer Farming for Adaptation) कार्यक्रमको स्थलगत अनुगमन समेत भएको छ । हिकोडेफको ईतिहासमा नै समाज कल्याण परिषदले गरेको यो पहिलो अनुगमन भएको हुनाले संस्थाको बारेमा पनि आवश्यक सल्लाह सुझाव प्राप्त भएको छ । यसले हामिलाई थप उत्साहित तुल्याएको छ । सिमान्तकृत समुदायको न्यायोचित पहुँचमा योगदान पुर्याउनका लागि संस्था सदा प्रयत्नशील तथा कटिबद्ध रहेको छ ।

यस अवधिमा कार्यक्रम संचालन गर्नका लागि सामान्य भौगोलिक कठिनाई बाहेक अन्य कुराको खासै बाधा रहेन । ठुलो सानो जस्तो रुपमा रहे पनि हिमालयन सामुदायिक विकास मन्चले विभिन्न साझेदार संस्थाहरुको सहकार्यमा संचालन गरेको एकिकृत विकासका कार्यक्रमहरुद्धारा समुदायका सवै गरिब, दलित, महिला, बालबालिका, मधेसी तथा सिमान्तकृत परिवारहरुलाई विकासका मुलधारमा ल्याउने र वन वातावरण, जीविकोपार्जिन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत आवश्यकताहरुमा पहुँचको सृजना गरी समुदायको आधारभुत आवश्यकताको परिपुर्तिका साथै सामाजिक विभेद कम गर्ने दुई दशक देखीको प्रयास लाई निरन्तरता दिएको छ ।

समग्र आर्थिक अवश्था नै मुर्झाएका कारण हिकोडेफले कार्यालय भवनको पछाडी निर्माण गरेको तीन कोठे शटरको उपयोग हुन सकेको छैन, न त तालिम हलको नै पूर्ण उपयोग हुन सकेको छ ।  यसका कारण संस्थाको आफ्नै नियमित आम्दानीका लागि गरिएको प्रयासले पनि यस प्रतिवेदन अवधिमा खासै उल्लेख्य उपलब्धि हासिल गर्न सकेका छैनन । तर हामी प्रतिवद्ध तथा प्रयासरत छौ र आगामी दिनमा अवश्था सुध्रने कुरामा आशावादी छौ । यावत कठिनाईहरुका बावजुद पनि हामि हाम्रो उद्देश्यमा प्रतिवद्ध छौं । हिकोडेफ परिवार सामाजिक अभियानमा हामीलाई आर्थिक, भौतिक, नैतिक सहयोग पुर्याउनु हुने सम्पुर्ण सहयोगी सरकारी तथा गैरसरकारी संघसंस्था तथा ब्यक्ति तथा समुदायमा हार्दिक कृतज्ञता ब्यक्त गर्दछ । हामिलाई विश्वास छ, आगामी दिनमा हाम्रो फेरी त्यहि चुस्तताका साथ आफ्नो कर्ममा सक्रियता कायमै रहने छ ।

## पृष्ठभूमीः

विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, उनीहरुको जीविकोपार्जन तथा प्रत्यक्ष विकास निर्माणका साझा सवाल/समस्याहरुका विषयमा आवाज उठाउँदै पछाडि पारिएको र दुर्गम क्षेत्रलाई प्राथमिकता दिदै २०५५ साल देखी हिकोडेफले आफ्ना विभिन्न खालका परियोजनाहरु सञ्चालन गर्दै आईरहेको छ । यसरी स्थानीय स्तरमा परिचालन गरिएका कृयाकलापहरुको प्राप्त उपलब्धी, अवसर, भोगिएका नयाँ समस्याहरु, चुनौति र सिकाइहरुलाई समेटेर प्रत्येक कार्यक्रमको बेग्लाबेग्लै प्रतिवेदन सम्बन्धित निकायमा नै पेश गर्ने गरिन्छ । यो वार्षिक प्रतिवेदन चाहिँ समग्र रुपमा हिकोडेफले २०८० साउन देखी २०८१ असार सम्म गरेका काम र अनुभवको ऐतिहासिक सिकाई सामाग्री हुने गरी बार्षिक प्रतिवेदनको रुपमा लिखित गरेर राखिएको छ ।

## संस्थाको परिचयः

## संस्थाको परिकल्पना (VISION):

हिकोडेफले त्यस्तो समाजको परिकल्पना गरेको छ जहाँ कुनै प्रकारको भेदभाव, शोषण, उत्पीडन र गरीवी हुदैन र प्रत्येक मानिसले मर्यादित जीवन यापन गर्न पाउँछन् ।

## संस्थाको परिलक्ष्य (MISSION) :

सामुदायिक सशक्तिकरणको प्रक्रियाबाट कुनै प्रकारको भेदभाव, शोषण र गरिवी नभएको समाजको सृजना गर्न सहयोग पुऱ्याउनु नै हिकोडेफको लक्ष्य हो ।

## संस्थाको मुल्य/मान्यता (VALUE) :

समादार–समता–पारदर्शिता–गुणस्तरीयता–उत्कृष्टता–तटस्थता

## संस्थाको उद्देश्यहरु (Objectives):

- सहभागिमुलक पद्धतिबाट एकिकृत सामुदायिक विकास कार्यक्रम संचालन गर्ने ।
- समुदाय तथा अन्य संघ संस्थाको आवश्यकता अनुसार सामाजिक अनुसन्धान गर्ने ।
- अन्य समान उद्देश्य बोकेका संघ संस्थाहरुसंग हातेमालो गरी आफ्नो सामुदायिक विकास कार्यहरुबाट प्राप्त अनुभवको आधारमा गरिब, दलित, महिला, बालबालिका एवं उपेक्षित पछाडी पारिएका समुदायको लागि वकालात/पैरवी गर्ने ।
- समुदाय तथा स्थानीय संघ संस्थाहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धी तालिमहरु संचालन गर्ने

## संस्थाको रणनीतिक कार्य शैली (Strategies):

क) शसक्तिकरण
ख) वकालत तथा पैरवी
ग) साझेदारी
घ) सहभागिमुलक
ङ) अधिकार जन्य पद्दती
च) आकस्मिक राहत
छ) लैंगिक तथा बालबालिका संवेदनशिलता

यस वर्ष कायम रहेको साधारण सदस्यता विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| २८ | ३९ | **६७** | ४ | ३२ | ३ | २८ |

कार्यकारिणी समिति विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| ५ | ४ | **९** | १ | २ | १ | ५ |

यस वर्ष कार्यरत कर्मचारी विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| १८ | १७ | **३५** | १ | १३ | ० | २१ |

**आ.व.२०८०/०८१ को संस्थाको मुख्य कार्यक्षेत्रः** नवलपरासी ब.सु.पू. र नवलपरासी ब.सु.प.(साविकको नवलपरासी जिल्ला) का सबै नगरपालिकाहरु र गाउँपालिकाहरु ।

**आ.व.२०८०/२०८१ मा सञ्चालन भएका परियोजनाहरु तथा साझेदारिता**

- जलवायु अनुकुलनका लागि तले खेति परियोजना ( LFAP )– The Glacier Trust
- सुरक्षित आप्रवासन परियोजना (SAMI) – Helvetas
- सामुदायिक झोलुङ्गे पुल - नेपाल सरकारका स्थानीय तहहरु
- मध्यविन्दु जिल्ला अस्पतालमा सामाजिक सेवा ईकाई परिचालन

# कार्यक्रमहरुको विस्तृत प्रगती विवरणः

## अनुकुलनका लागि तले खेती कार्यक्रम (LFAP)

## अनुकलनका लागि तले खेती परियोजना (Layer Farming for Adaptation Project-LFAP)

## १. परियोजना पृष्ठभूमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले संचालन गरेको विभिन्न सामुदायिक विकासका परियोजनाहरू मध्ये अनुकुलनका लागि तले खेति परियोजना (Layer farming for Adaptation Project - LFAP) एक हो । यस परियोजना बेलायत स्थित गैर सरकारी संस्था The Glaicer Trust (TGT) को आर्थिक सहयोगमा विगत् १५ सेप्टेम्बर २०१९ देखि १४ सेप्टेम्बर २०२४ सम्मका

लागि हुप्सेकोट गाउँपालिकाको वडा नं. ४ रिपाहा र चारघरे, वडा न ५ बसेनी, धौवादी, पोखरी र दुलुंगामा तथा बौदिकाली गाउँपालिका वडा न ६ लाहापेमा संचालन भैरहेको छ ।

जिविकोपार्जन सुधार, खाद्य सुरक्षा र जलवायू अनुकुलनका लागि उच्च मूल्य बाली उत्पादन र बजारिकरणमा जोड दिने प्रमुख लक्ष्यका साथ यस कार्यक्रम संचालन गरिएको छ । यस परियोजनामा किसानको जिविकोपार्जनको मुख्य क्रियाकलापको रुपमा व्यवसायिक कफि खेतीलाई अगाडि सारिएको छ । साथै तले खेती र घुसुवा बालिको रुपमा तरकारी तथा फलफुल र घाँस खेतीको अभ्यास पनि गरिएको छ । वातावरणीय सरसफाइ र जलवायू अनुकुलनका विषयमा यस क्षेत्रका ५ विद्यालयका बालबलिकाहरुलाई सहभागी गराई विद्यालयमा सरसफाई अनुकलनका क्रियाकलाप, कफि रोपण जस्ता कार्यक्रममा बालबालिकाहरुको संलग्नता बढाइएको छ । यस कार्यक्रम, कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरीहरुको सहकार्य र स्थानीय निकायको सम्पर्क समन्वय र सहकार्यमा संचालन गरिएको छ ।

## २. परियोजनाको उद्देश्य

- परियोजना क्षेत्र भित्रका कृषकहरुलाई कृषक समूहमा आवद्ध गर्दै कार्य क्षेत्रमा ७ ओटा कृषक समूहका कम्तिमा २१० जना कृषकहरुमा कफि खेती सम्बन्धी क्षमताको विकास गर्ने ।
- व्यावसायिक कफि खेतीका लागि आवश्यक पर्ने औजारहरुको सहयोग तथा व्यवस्थापन गर्ने ।
- २ ओटा आधारभूत विद्यालयका बालबालिकाहरुलाई वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन शिक्षामा सहभागी गराइ वातावरण सरसफाई, जलवायू अनुकुलनका व्यवहारिक अभ्यासहरु गराउने ।
- कृषकहरुमा प्रभावकारी जैविक तले खेतीको अवधारणा अनुसार कफि खेती विस्तार गर्दै छायाँबाली विस्तारका लागि आवश्यक पर्ने विउ विजन तथा विरुवाहरुको सहयोग गर्ने ।
- कफि खेती सम्बन्धी ज्ञान क्षमता विकास तथा विस्तार गर्न र उत्पादित कफिको सहज बजारीकरणका लागि आवश्यक निकाय संघ संस्थाहरुमा सम्पर्क समन्वय, अवलोकन ज्ञानको आदान प्रदान जस्ता कार्यक्रमको आयोजना गर्ने ।
- स्थानीय निकायहरुसँग सम्पर्क समन्व विस्तार गरी श्रोतमा साझेदारी, कार्यक्रम प्रति अपनत्व भावना कायम गर्न सहयोग गर्ने ।

## ३. सम्पन्न गरिएका क्रियाकलाप तथा उपलब्धीहरु

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्नका लागि यस आर्थिक वर्षमा यस परियोजना अन्तरगत निम्नानुसारका क्रियाकलापहरु सम्पन्न गरिए । कार्यक्रमको संचालन पश्चात विगत तीन वर्ष देखी नै प्रत्यक्ष आर्थिक उन्नती लगायत समुदाय स्तरमा सकारात्मक उपलब्धीहरु देखिएका कफि खेतीमा समुदाय थप उत्साही तथा स्थानीय निकायको पनि आकर्षण देखा परेका छन् । परियोजना मार्फत संचालित क्रियाकलाप यसप्रकार रहेका छन् ।

### ● कृषक समुह बैठक

यस आर्थिक वर्षमा परियोजनाको कार्यक्षेत्रका ७ ओटा कृषक समुहमा (बौदीकाली गा.पा. ६ लाहापे, हुप्सेकोट ४ रिपा, चारघरे, हुप्सेकोट ५ बिसेनी, धौवादी, पोखरी) २/२ पटक गरि कुल १४ पटक कृषक समुह फलोअप बैठक संचालन गरियो । जसबाट ६९ महिला र १२४ पुरुष गरी जम्मा १९३ जना

कृषकहरुको सक्रिय सभागिता रहेको छ । यस किसिमको बैठकमा यस परियोजना अन्तरगत समुदायमा संचालन गरिने सम्पूर्ण क्रियाकताप तथा कार्यक्रमहरु यी कृषक समुह मार्फत नै गरिने भएकाले कुनै पनि क्रियाकलाप संचालन गर्नु पुर्व के कसरी गर्ने, को को सहभागी रहने, क कस्लाई कसरी वितरण गर्ने , कसरी सम्पन्न गर्ने सो को छलफल  तथा निर्णय यस बैठकमा गर्ने गरिन्छ  र सोहि मुताविक क्रियाकलाप तथा कार्यक्रम संचालन गर्ने गरिन्छ । जसका कारण यस परियाजना अन्तरगत संचालन गरिने क्रियाकलाप पारर्दशी तथा विवाद रहित हुन सहयोग पुग्नुको साथै कार्यक्रम समयमा लक्षित समुह, कृषकहरुमा पुग्न सकेको छ । कार्यक्रम समयमा सम्पन्न गर्न सकिएको छ । अझ यो चरण भनेको सामुदायिक सशक्तिकरणका लागि पहिलो खुडकिलो हुने गर्दछ ।



कृषक समुहको फलोअप बैठक धौवादी तथा लाहापे

## ● तरकारी वीउ विजन वितरण तथा स्थलगत प्राविधिक सहयोग

यस अवधिमा कार्यक्षेत्रका ४ ओटा कृषक समुहको, हुप्सेकोट ४ चारघरे, हुप्सेकोट ५ धौवादी, पोखरी र दुलुंगा) जैविक विषादी बनाउने तरिका र यसको प्रयोग गर्ने तरिका तथा विरुवाको झोलमल वनाउने, हिउदे तरकारीको विरुवा तयार गर्ने तारिका र कफी विरुवा रोपण, गोडमेल, मल जल दिने तरिका विषयमा २/२ सेसन गरि कुल ८ सेसन On-site technical assistance कक्षा संचालन गरियो । कार्यक्रममा सबै क्षेत्रका गरि कुल ११९ जना कृषकहरुको सक्रिय सभागिता रहेको थियो ।  साथै अनुशिक्षण पश्चात यी कृषकहरुलाई हिउदे तरकारीको विउ (रायो, मुला, काउली, बन्दा र घिउ सिमी) वितरण गरियो । यस स्थलगत अभ्यास तथा अनुशिक्षण पश्चात सबैले घरायसी प्रयोजनका लागि तरकारी खेति गर्दछन भने कफी रोपण गर्ने तथा कफी तथा तरकारीका विरुवाहरुमा जैबिक विषादी प्रयोग गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । उपरोक्त ७ कृषक समुहका १३५ जना कृषकले यस वर्ष पनि थप ४७५० कफी विरुवा रोपण गरेका छन् ।



हिउदे तारिकाको स्थलगत अनुशिक्षण तथा विउ वितरण

- ## कफी खेति तथा उत्पादन प्रशोधन तालिम

यस अवधिमा हुप्सेकोट४ चारघरे, हुप्सेकोट ५ धौबादी, पोखरी तथा दुलुंगामा गरि ४ स्थानमा २/२ दिने ४ ओटा कफी खेति तालिम संचालन गरिएको छ । यस तालिममा कफी खेतिका लागि आवश्यक पर्ने वातावरणीय पक्ष, हावा पानी माटो, उचाइ, भुगोल, कफीको इतिहाँस र महत्व, कफी विरुवा उत्पादन गर्ने तरिका, नर्सरी व्यवस्थापन, कफी विरुवा सार्ने तरिका, गोडमेल, मलजल, रोग किराको नियन्त्रण गर्ने तरीका, कफी चेरी टिप्ने तारिका, पल्पीङ गर्ने तरिका, पार्चमेन्ट तयार गर्ने तरिका, भण्डार गर्ने तथा विक्रीवितरण गर्ने तथा बजारीकरणका साथै स्थानिय स्तरमा कफी तयार गर्ने तरीकाका विषयमा सैदान्तिक तथा प्रयोगात्मक अभ्यासबाट तालिम संचालन गरिएको थियो ।

तालिममा उपरोक्त चारै स्थानका चार कृषक समुहका १ जना दलित सहित १२७ जना (८१ महिला र ४६ परुष) सहभागिहरुले तालिम प्राप्त गरेका छन् । कफी खेतिको व्यवहारिक अभ्यासलाई जोड दिइ संचालन गरिएको यस तालिम अवाधिमा तालिम संचालन भएको चारै क्षेत्रमा स्थानिय रुपमा फलेका कफिको बिउ प्रयोग गरी कम्तीमा २००० विरुवा क्षमताको एक एक ओटा कफी नर्सरी स्थापना भएका छन । तालिममा निकै उत्साही देखिएका कृषकहरु सबैले यस तालिम पछि आ–आफ्नो जमीनमा कम्तीमा २० ओटा कफी विरुवाको रोपण गर्ने प्रतिबद्धता जनाएका छन् । कफि उत्पादनबाट लिन सकिने फाइदाका जानकार हुनाले केही कृषकले निजी रुपमा पनि कफी नर्सरी स्थापना गरेका छन् ।




कफी खेति तालिमको झलक

- ## खेतिका लागि औजार सहयोग (टनेल तथा सिंचाइका लागि टंकी सहयोग)

यस परियोजनाका कफी खेति कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सिचाईको प्रमुख भुमिका हुने हुनाले कफी तथा तरकारी खेतिमा सिचाई पनि होस साथै तरकारी खेतिबाट कृषकहरुले थप आम्दानि पनि लिन सकुन भन्ने उद्धेश्यका साथ हरेक वर्ष केही कृषकहरुलाई tunnel तथा सिंचाइका लागि प्लाष्टिक टंकी सहयोग गर्ने गरिएको छ । यस वर्ष हुप्सेकोट ४ चारघरेका ४ जना र हुप्सेकोट गा.पा. ५ धौवादीका ४, पोखरीका ४ जना र दुलुंगाका ४ जना गरि जम्मा १६ जना कृषकहरुलाई तरकारी खेति विस्तार र कफी तथा तरकारीका सिंचाइकाका १६ ओटा Tunnel र १००० लीटरको १६

ओटा HDP Tank सहयोग गरिएको छ । कृषकहरुको ५० प्रतिशत लगानी र परियोजनाको ५० प्रतिशत लगानीमा संचालन गरिएको यस कार्यक्रममा सिलपौलिन शिट कार्यक्रमको तर्फबाट उपलब्ध गराइएको हो भने Tunnel निमार्ण कार्य र आवश्यक काठ, बास सम्वधित घरमुलीले जुटाउने तथा बनाउने गरिएको छ । त्यसै गरि सोही १६ घरधुरि कृषकहरुलाई तरकारी खेति विस्तारका लागि उनीहरुको ५० प्रतिशत लगानी र कार्यक्रमको ५० प्रतिशत लगानीमा १६ ओटा १००० लि.को सिंचाइ टंकी खरिद गरि वितरण गरिएको हो । सिलपौलिनबाट Tunnel निमार्ण गरि तरकारी तथा टमाटर खेति सुरु गरेका छन् भने सिंचाइ टंकीका कारण उनीहरुको तरकारी खेति तथा कफीको विरुवामा सिंचाइ गर्न पनि सहज भएको छ ।



- **कफी विरुवा सहयोग तथा रोपण :**



यस परियोजान अन्तरगत यस वर्ष धौवादी, पोखरी, चारघरे, दुलुंगा लाहापे, रिपाहा र वसेनीका, ७ कृषक समुहका १३५ कृषक (१ दलित र १३४ जनजाति) परिवार द्वारा कुल ४७५० कफीको विरुवा रोपण गरिएको छ । यसरी रोपिएका कफीका विरुवा यस वर्ष ढिला वर्षा भएको कारणले कफी रोपण पनि ढिला भयो भने कम बर्षाको कारणले विरुवा सर्ने प्रतिशतमा प्रभाव पर्ने देखिएको छ । एक घर एक व्यक्तिलाई कफी खेति सम्वन्धि दिइएको तालिमले र कफी लगाउनु पर्छ भन्ने विषयमा गरिएको नियमीत परियोजनाको तर्फबाट गरिएको सहजीकरण तथा स्थलगत अनुशिक्षणका, कफी विक्रीबाट कृषकहरुले लिएको फाइदाका कारण यस वर्ष पनि कृषकहरु कफी खेति प्रति उत्साहीत भएका छन् । यहाँ उल्लेखनिय कुरो के देखिन्छ भने गत साल सम्म सबभन्दा कम उर्वर तथा फालिएका जग्गामा मात्र रोप्ने गरिएको कफि यस वर्ष राम्रा बारिका पाटामा अनि यथेष्ट तयारीका साथ रोपिएका पाईएका छन ।

- **परियोजना अनुगमन तथा मूल्यांकन :**

हरेक वर्ष कम्तिमा एक पटक यस परियोजनासंग सरोकार राख्ने सरोकारवालाहरुको संयुक्त टिमले यस परियोजनाबाट बार्षिक रुपमा भए गरेका तथा संभावित क्रियाकलापहरुको अनुगमन गर्ने र परियोजनाको कार्यक्रम कार्यान्वयन गर्ने टिमलाई आवश्यक सल्लाह सुझाव, पृष्ठपोषण दिदै आएको छ । यसै क्रमका यस अवधिमा यस परियोजनाको दातृ निकाय ग्लेसियर ट्रष्टको डाइरेक्टर र नेपाल

स्थित को.डाइरेक्टर तथा हिकोडेफको कार्यकारी निर्देशक, कार्यसमितिका प्रतिनिधिको संयुक्त टिमबाट परियोजना कार्यक्षेत्र, लगायत संचालित क्रियाकलापहरुको २ पटक अनुगमन गरियो । यस क्रममा पहिलो चरणमा कार्यक्रम संचालन भएको क्षेत्र रिपाहा, बसेनी र लाहापेमा सम्पन्न गरिएका क्रियाकलाप अनुगमन गर्नका साथै तथा दोश्रो चरणमा कार्यक्रम संचालन भैरहेका ४ क्षेत्र मध्य ३ कार्यक्षेत्र, धौवादी, पोखरी र चारघरेका स्थलगत भ्रमणका साथै समुदायहरुसंग साक्षातकार तथा छलफल गरियो भने कफी रोपण र स्थापित नर्सरी को पनि अवलोकन गरि समुदालाई आवश्यक सल्लाह तथा सुझाव दिनुका साथै कार्यक्रम संचालनका लागि समुदाय तथा सरोकारवालाहरुसंग आवश्यक सल्लाह पनि लिइएको थियो ।





कफी अनुगमन तथा कृषकसंग स्थलगत छलफल

- **विद्यालय संलग्नता कार्यक्रमः**

यस परियोजनाका विभिन्न क्रियाकलापहरु मध्ये विद्यालय संलग्नता पनि एक कार्यक्रम हो जस अन्तरगत हुप्सेकोट गा.पा. ५ धौवादीको श्री शिक्षा बोधनी माध्यामिक विद्यालयको कक्षा २ देखि १० सम्मका विद्यार्थीहरु र हुप्सेकोट गा.पा. ४ चारघरेको श्री बाल जागरण प्राथमिक विद्यालयको कक्षा २ र ५ को विद्यार्थीहरुको सहभागितामा कार्यक्रम संचालन हुँदै आइरहेको छ । बालबालिकाहरुमा वातावरण तथा सरसफाइ र विरुवा संरक्षण तथा संर्बधनमा सचेतना वृद्धि गराउने सोचका साथ संचालित यस कार्यक्रममा हाल सम्म यी विद्यालयहरुका बालबालिकाहरु जलवायु शिक्षा कार्यक्रम, विद्यालय कम्पाउड भित्र कफी विरुवा रोपण कार्यक्रम संचालन गरिसकीएको छ । फ्लिप चार्ट प्रयोग गरि प्रस्तुति, बालबालिका विच छलफलबाट संचालन गरिएको यस जलबायु कक्षामा बालबालिकालाई जलबायु परिवर्तन के हो, किन र कसरी हुन्छ, यसको प्रभाव कस्तो छ र सो प्रभावसंग जुध्नका लागि अपनाइने उपायहरुका बारेमा जानकारी गराइएको थियो । विद्यालय कम्पाउण्ड भित्र कफी विरुवा रोपणका लागि बालबालिकाहरुलाई कफी लगाउने तरिका, रोपण गर्ने दुरी, खाडल खन्ने तरिका र मल जल गर्ने तरिकाका तथा विद्यालय सरसफाइको बारेमा पनि जानकारी गराउनुका साथै विद्यालय कम्पाण्डको सरसफाइ पनि गर्न लगाइएको थियो । त्यस पछि धौवादीको विद्यालयको विद्यार्थीहरुले आफ्नो विद्यालयको कम्पाउण्ड क्षेत्रभित्र ११२ ओटा कफीका विरुवाहरु र स्थापना गरिको कफी नर्सरीको नियमीत गोडमेल गर्ने गरेका छन् । साथै चारघरेका विद्यालयले आफ्नो कम्पाउड भित्र सानो करेसाबारी बनाइ तरकारी खेतिको अभ्यास गर्ने गरको छ । साथ कफी विरुवा पनि रोपण गरेका छन् । यस कार्यक्रमबाट १२१ विद्यार्थीहरु र २० जना शिक्षक शिक्षिका प्रत्यक्ष लावान्वित भएका छन् । यसरी विद्यालय स्तरका स साना केटाकेटी बाट पनि समाजमा सकारात्मक सन्देश जाने गरेको पाईएको छ ।



विद्यालय कार्यक्रमको अन्तरगत वातावरण सरसफाइ तथा नर्सरी गोडमेल

- **कफी पार्चमेन्ट तयारी सहजीकरण:**

यस अवधिमा यस परियोजना क्षेत्रका कृषकहरुलाई कफी पार्चमेन्ट तयारीका लागि सहजीकरण तथा अभिप्रेरित गर्ने कामलाई निरन्तरता दिइएको छ । विगतमा कफी चेरी बोटमै पाकेर झरेर जाने अवस्था र कसै कसैले टिपिहाले पनि प्रशोधन प्रक्रिया नजानेर कमै मात्रामा कफीको पार्चमेन्ट तयार हुने गर्दथ्यो । यही कुरालाई ख्याल गरि कार्यक्षेत्रका सवै कृषकलाई कफीको व्यवसायिक तालिम दिइ सके पछि नियमीत कफी पार्चमेन्ट तयार गर्न परियोजना संयोजकबाट सहजीकरण तथा अभिप्रेरित गरियो फलस्वरुप यस वर्ष देखि यस परियोजना आवधिमा रोपिएका कफी विरुवाबाट पनि कफी उत्पादन हुन थालेको छ । यस वर्ष ४५ जना कृषकहरुले ५५९ के.जी. कफी पार्चमेन्ट तयार तथा आफ्नै घरबाट विक्री गरी रु. २,७९,५०० आम्दानि गरेका छन् । यस संगै कफी पल्पीङ्ग गरि कफी पार्चमेन्ट बनाउने परिमाण तथा कृषक संख्यामा क्रमशः बृद्धि भएको छ ।



कृषकहरुले उन्पादन गरेको कफी पार्चमन्ट विक्रीबाट आम्दानी गर्दै

- **समाज कल्याण परिषदबाट अनुगमन तथा मुल्यांकन**

यस अवधिमा समाज कल्याण परिषदद्वारा हिमालयन सामुदायिक विकास मञ्च (नवलपरासी पुर्व) ले नवलपरासी जिल्ला पुर्वको हुप्सेकोट गाउँपालिकाको वडा नं. ४ रिपाहा र चारघरे, वडा न ५ बसेनी, धौवादी, पोखरी र दुलुंगामा तथा बौदिकाली गाउँपालिका वडा न ६ लाहापेमा विगतमा १५ सेप्टेम्बर

२०१९ देखि १४ सेप्टेम्बर २०२४ सम्मका लागि संचालन गरेको अनुकुलनका लागि तले खेती परियोजनाको स्थलगत मूल्याङ्कन सम्पन्न गरको छ । मूल्याङ्कनको क्रममा समाज कल्याण परिषदको १ जना तथा स्वतन्त्र १ जनाको टिमले समग्रमा हिकोडेफ संस्थाकै तथा यस परियोजनाको आवश्यक कागजातको अध्ययन, संस्थाका पदाधिकारी तथा सरोकारवालासँगको छलफल स्थलगत निरीक्षण र अन्तरक्रिया जस्ता क्रियाकलाप सम्पन्न गर्‍यो । अनुगमन पनि मौखिक पृष्ठपोषण दिने क्रममा टिमले हिकोडेफ संस्था समग्रमा नीति नियम अनुरुप चलेको तथा सक्रिय रहेको पाउनुका यसको अफ्ह धेरै संभावना रहेको बतायो । अनुकुलनका लागि तले खेती कार्यक्रम पनि निकै प्रभावकारी रहेकाले थप समय तथा अफ्ह फराकिलो ढंगले अगाडी बढनु उपयुक्त हुने बतायो । हाल अनुगमन टिम द्धारा सो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरि परिषदमा पेश भईसकेको र परिषद बाट औपचारीक निर्णय हुन बाँकी रहेको अवश्था छ ।





**समाज कल्याण परिषदको मूल्यांकन टिमबाट हुस्रेकोट ४ रिपाहा तथा चारघरे स्थानीयसँग अन्तरक्रिया तथा छलफल**





**परियोजनाको संचालित विभिन्न क्रियाकलापहरुको समाज कल्याण परिषदको प्रतिनिधीहरुबाट अवलोकन**

## ४. संक्षेपमा परियोजनाको हालसम्मको उपलव्धीहरु

अनुकुलनका लागि तले खेती परियोजना अर्न्तगत भएका उपलब्धिका आंकडाहरु निम्न बमोजिम रहेका छन् । यस क्षेत्र भित्रका कृषकहरु ७ ओटा कृषक समूहमा आवद्ध भएका तथा ७ ओटा कृषक समूहका गरी जम्मा २३९ जना कृषकहरुमा कफि खेती सम्बन्धी दिगो रुपमा क्षमता विकास गरेका छन् ।

हुप्सेकोट गा.पा. वडा नं. ४ मा २ ओटा, वडा नं. ५ मा ४ ओटा र बौदीकाली गा.पा. वडा नं. ६ मा एउटा गरी जम्मा ७ ओटा कृषक समूह गठन भएका छन जसमा २३९ घरधुरीका ३५ महिला र २०४ पुरुष आवद्ध भएका (२ घर दलित र २३७ घर मगर समुदाय) छन् । ७ कृषक समूहको समुदाय स्तरमा संचालन गरिने हरेक क्रियाकलापहरुको निर्णय र सहमति तथा अनुगमनका लागि ४९ पटक फलोअप बैठक सम्पन्न भएका छन् जसबाट ६९ महिला र १२४ पुरुष गरी जम्मा १९३ जना लाभान्वित भएका छन् । OJT अभिमुखिकरण तथा ओ.जे.टी. परिचालनमा १० जना प्रत्यक्ष लाभान्वित भएका छन् । परियोजनाको दातृ निकायबाट ४ पटक संचालित क्रियाकलापको अनुगमन तथा मूल्यांकन भएको छ । कफि बजार सम्पर्क समन्वय तथा २ वटा कृषक अवलोकन भ्रमण सम्पन्न जसबाट २१ जना प्रत्यक्ष लाभान्वित भएका छन् ।

२११ घरधुरी कृषकहरुलाई वार्षिक रुपमा हिउँदे तरकारीको बिउ विजन वितरण भएका कारण हरेक कृषकको घर घरमा करेसा बारीमा तरकारी खेती गर्ने गरेका छन् । २ ओटा कृषक समूहलाई कफि पल्पर मेसिन, ग्राइन्डर तथा स्प्रेयर टंकी संस्थाबाट सहयोग रुपमा प्रदान र सिंचाईका लागि ५६ कृषकहरुका लागि १००० लि. का टंकी तथा टलेन बनाउनका लागि सिलपौलिन सहयोग गरिएको छ जसबाट बेमौसमी टमाटर, तरकारी उत्पादन तथा विक्री गरि फाइदा लिएका छन् । यस अवधिमा जम्मा १९७५८ कफि विरुवा रोपणका लागि सहयोग भयो जसबाट २२२ घरधुरी लाभान्वित भएका छन् । ७ स्थानमा कफि विरुवा नर्सरी स्थापना भएका छन । हाल सम्ममा जम्मा १०८५ के.जी. कफि पार्चमेन्ट तयारी र विक्रीमा सहजीकरण गरिएको तथा हरेक साल बृद्धि भईरहेको पाइन्छ । ११ ओटा स्थलगत प्राविधिक तथा प्लाण्ट क्लिनिक संचालन सहयोग जसबाट २११ कृषकहरुले फाइदा लिएका छन् । परियोजनाका क्षेत्रका ५ वटा आधारभूत विद्यालयमा वातावरण सम्बन्धी विभिन्न क्रियाकलापहरु संचालन गरिएको छ जसबाट ९९ जना छात्रा र १०३ जना छात्र गरी जम्मा २०२ जना प्रत्यक्ष लाभान्वित भएका छन् । विद्यालयहरुका बालबालिकाहरु जलवायु सचेतना शिक्षा कार्यक्रम, विद्यालय कम्पाउण्ड भित्र कफि विरुवा रोपण तथा नर्सरी र करेशाबारी स्थापना कार्यक्रम संचालन र विद्यालय कम्पाउण्ड तथा सामुदायिक सरसफाइ गरीएको छ ।

उपरोक्त तथ्यांक बाहेकका परियोजनाका निम्न दिगो उपलब्धिहरु विकासका लागि झनै महत्वपूर्ण छन् ।

- परियोजनाले नसमेटेका कृषकहरुमा पनि कफि खेति बारेमा निकै चासो जगाउन सकेको छ ।
- समुदाय स्तरमा स्वतः कफि खेती प्रति आकर्षण बढेकाले निजि स्तरमा कफि नर्सरी राख्नेको संख्या बढेको छ ।
- छरछिमेक, ओल्लो पल्लो गाउँ हुँदै कफि खेती, वातावरण संरक्षण तथा अनुकुलनका संभाव्य विधि सम्बन्धि जनचेतजा बृद्धि हुँदैछ ।
- आफ्नै आँखा अगाडी कफि खेती, प्रशोधन तथा बजारको संभाव्यता देखेका हुनाले कृषक माझ कफिखेती लोकप्रिय बन्दैछ ।
- प्रत्येक वर्ष कफिबाट हुने आम्दानी कैयौ गुणाले बढेको छ ।
- सबभन्दा राम्रा बारिका पाटामा पनि कफि खेति लगाउन शुरु हुनुको मतलब यो सर्वोत्तम हो भन्नेमा विश्वास जागेको छ । अब यसरी नै प्रशारित हुँदै जानेमा विश्वास गर्न सकिन्छ ।

## ५.चुनौतिहरु

- परियोजनाको सहयोग तथा सहजीकरणमा परियोजना क्षेत्रका केही कृषकहरु व्यवसायिक तरकारी गर्न पनि थालेका छन् तर कहिले बाढि पैरोको कारणले स्थानिय मोटर बाटो लामो समय सम्म बन्द भएका कारणले उत्पादीत तरकारी विक्रीका लागि ढुवानीका समस्या त कहिले लामो समयको खडेरीका कारण सिंचाइ समस्याका कारणले सो व्यवसायिक तरकारी खेतिले निरन्तरता पाउन नसक्नु ।
- बाढि पैरोको कारणले खेति योग्य जमीनमा भएको विनासले अपेक्षीत रुपमा कफी खेति विस्तार हुन नसक्नु ।
- सानो परिमाणमा तयार भएका कफी पार्चमेन्ट एकीकृत (एकै ठाउँमा जम्मा) गर्न कठिन हुने कारणले बाहिरबाट कफी खरिद कर्ताको प्रबेश भै नसक्नु ।
- पानीको उपलव्धताको कमीका कारण पोखरी र धौवादी क्षेत्रमा तरकारी तथा कफी विरुवा सिंचाइ राम्रो नभएका कारण अपेक्षित रुपमा फष्टाउन नसक्नु ।

## ६. सिकाई तथा सुझावः

- कफी खेतिको लागि सिंचाइको अति आवश्यक पर्ने भएकाले कफी खेतिका  सिचाइ र कफी उत्पादन पश्चात कफी प्रशोधनका लागि पानीको निरन्तर र राम्रो परिमाणमा पानीको आवश्यक पर्ने भएकाले यी कफी खेति विस्तार गरिएका क्षेत्रहरुमा पानीको सर्वसुलभ व्यवस्था हुन जरुरी छ । पानीको सर्वसुलभ उपल्ब्धता हुन नसक्ने अवस्थामा कफी पार्चमेन्ट बनाउनु भन्दा ड्राइ चेरी बनाइ विक्री वितरणको प्रक्रिया मिलाउनु पर्ने देखिन्छ । अथवा पानी कम लाग्ने प्रसोधन प्रक्रिया अवलम्वन गर्न लगाउनु पर्ने हुन्छ जसको मुल्य कम आउँछ ।
- हाल नयाँ कफी विरुवाबाट पनि उत्पादन हुन थालि सकेको अवस्था छ । सो कफी अझै सहज हिसावले खरिद विक्री हुने अवस्था आइसकेको छैन । साना किसानहरुले गुजाराको अन्न उत्पादन गर्ने स्थानमा कफी लगाउनु र सो उत्पादीत कफी सहज बिक्री वितरण हुन सकेन भने ती साना किसानको हात मुख जोर्न नै समस्या हुन सक्छ । त्यसैले यस कार्यक्रमका साथ साथै बैकल्पिक आम्दानी बारेमा बेलैमा सोच्नु जरुरी देखिन्छ ।

# <u>सुरक्षित आप्रवाशन कार्यक्रम (SAMI)</u>

| | |
|---|---|
| परियोजनाको नामः | सुरक्षित आप्रवाशन (सामी) कार्यक्रम |
| समझदारीः | नेपाल सरकार तथा स्वीस सरकार |
| प्राविधिक सहयोगः | हेल्भेटास नेपाल |
| परियोजनाको अवधिः | १ श्रावण २०८० देखी ३१ असार २०८१ सम्म |
| वार्षिक बजेटः | संघीय सशर्त अनुदान रु १ करोड ३३ लाख, स्थानीय सरकारको रु २० लाख |
| खर्च प्रतिशतः | ९४ प्रतिशत |
| श्रोत केन्द्र स्थानः | कावासोती नगरपालिका ३, संगमचोक नवलपरासी |
| कार्यरत कर्मचारीः | १४ जना तथा १२ जना आंशिक स्वयंसेवक गरी २६ जना |

## उद्देश्य:

यस कार्यक्रमको मूल उद्देश्य बैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धिमुलक बनाउनु हो । यसका निम्ती,

- आप्रवासी कामदारहरुलाई सही निर्णय लिन सक्षम बनाउन विभिन्न किसिमका सूचना प्रवाह गर्ने
- वैदेशिक रोजगारको क्रममा हुन सक्ने संभाव्य ठगी बाट बच्ने उपायहरु सिकाउने ।
- ठगी तथा समस्यामा परेकाहरुलाई निशुल्क कानूनी सहयोग गर्ने र समस्या समाधानका लागि सम्बन्धित संघसंस्थासंग समन्वय गराईदिने ।
- निशुल्क सीप तालिम प्राप्त गर्न संस्था संग समन्वय गराईदिने ।

## लक्षित वर्ग:

- वैदेशिक रोजगारीका लागि म्यानपावर कम्पनिमा पुऱ्याउने एजेण्टहरु
- बैदेशिक रोजगारका सम्भावित कामदारहरु
- बैदेशिक रोजगारीमा रहेका परिवारहरु
- बैदेशिक रोजगारीबाट फर्केका कामदारहरु
- विद्यालयका विद्यार्थी तथा शिक्षकहरु
- समुदायमा रहेका महिला समूह, टोल विकास समिति, यूवा क्लब, सामुदायिक बन लगायतका समूहहरु आदी
- नगरपालिकामा श्रम तथा रोजगार शाखाको निर्माण गर्ने र कार्यान्वयन ।

## पृष्ठभूमी

नेपाल सरकार तथा स्वीस सरकारको द्धिपक्षीय सम्झौता अन्तर्गत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानिय सरकारको नेतृत्वमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नवलपरासी जिल्लाको कावासोती नगरपालिका, गैंडाकोट नगरपालिका, मध्यविन्दु नगरपालिका र विनयी त्रबेणी गाउँपालिकामा संचालित छ । हेल्भेटास नेपालको प्राविधिक सहयोगमा संचालित यस कार्यक्रमको शुरुवातको चरणमा सामी हेल्भेटास स्वीस ईन्टरकोअपरेशन नेपालको साझेदारीमा हिमालयन सामुदायिक विकास मञ्च कावासोती, नवलपरासीले १३ फेब्रुअरी २०१४ देखि नवलपरासी जिल्लामा तत्कालिन सूचना केन्द्र (हाल आप्रवासी स्रोत केन्द्र) स्थापना गरी सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन गरिरहेको छ । १६ जुलाई, २०१९ देखि १५ जुलाई २०२४ (१ श्रावण, २०७६ देखि असार मसान्त २०८१) सम्मका लागि स्थानीय तहहरुको अगुवाईमा हिमालयन सामुदायिक विकास मञ्च, नवलपरासीले उक्त कार्यक्रम संचालन गरिरहेको छ । १६ जुलाई, २०२३ देखि १५ जुलाई, २०२४ (१ श्रावण, २०८० देखि ३१ असार,

२०८१ ) सम्मको सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत सम्पन्न गतिविधि तथा प्रगतिहरु समेटी यो प्रतिवेदन तयार पारिएको छ ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत दैनिक रुपमा वैदेशिक रोजगारीमा जान चाहने संभावित कामदारहरुलाई परामर्श दिने तथा साप्ताहिक रुपमा साप्ताहिक अभिमुखीकरणहरु संचालन गर्ने, केशहरु दर्ता गरी संबन्धित निकायहरुमा सिफारिस तथा फलोअप गर्ने र सीप तालिम लिनका लागि संभावित कामदारहरुलाई प्रोत्साहन गर्ने तथा ईच्छुकहरुलाई सिफारिस गर्ने, वित्तिय साक्षरता कक्षा संचालन गर्ने, वैदेशिक रोजगारीमा गएका परिवारहरुको तथ्यांक संकलन गर्ने, राहदानी लिएका र लिने तयारीमा रहेकाहरुसँग प्रत्यक्ष भेटघाट गरी सुरक्षित वैदेशिक रोजगारीका बारेमा जानकारी दिने, सरोकारवाला निकायहरुलाई यसका बारेमा अभिमुखिरण तालिम प्रदान गर्ने जस्ता कार्यहरु यस अवधिमा पनि संचालन गरियो ।

जिल्ला प्रशासन कार्यालय कावासोतीको तथ्यांक अनुसार १ श्रावण, २०८० देखि ३१ असार, २०८१ सम्ममा नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाबाट १६८३३ (१०१९९ जना पुरुष, ६१५७ जना महिला तथा ४७७ जना नाबालक) जनाले राहदानी बनाएका छन् भने १७०१० जना (पुरुष १०४९५ जना पुरुष तथा ६५१५ जना महिला) सेवाग्राहीहरुले आप्रवासी श्रोत केन्द्रबाट सेवा लिएका छन् ।

आप्रवासी स्रोत केन्द्रमा दर्ता हुन आएका यस आर्थिक वर्षमा २४९ वटा (४२ वटा महिला) केशहरु दर्ता भएकोमा यस वर्षका ८४ वटा (२० वटा महिला) र अघिल्लो वर्षका ६७(१जना महिला) गरी १५१ वटा समस्या पिपुल फोरम, पिएनसिसी सिफारिस गरी वैदेशिक रोजगार विभाग, वोर्ड, गन्तब्य देशमा रहेका नेपाली दुतावास तथा सामी हेल्भेटास, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयहरुको संयुक्त प्रयासमा समाधान भएका छन् । मृत्यु, ठगी, विरामी क्षतिपूर्तिको रुपमा ४ करोड २६ लाख ९५ हजार रुपैंया तथा अघिल्ला वर्षहरुको २ करोड ३१ लाख २६ हजार रुपैंया गरी ६ करोड ५८ लाख २१ हजार रुपैयां सेवाग्राहीहरुलाई दिलाउन पिएनसिसी, वैदेशिक रोजगार विभाग तथा वोर्ड र आप्रवासी स्रोत केन्द्रसंगको समन्वयमा यस नगरपालिकाले सहजीकरण गरियो ।


यस अवधिमा १२१ जना (११ जना पुरुष तथा ११० जना महिला) मनोसामाजिक समस्यामा रहेका व्यक्तिहरुलाई घरमै भेट गरी सामान्य अवस्थामा ल्याउनका लागि परामर्श सेवा उपलब्ध गरिएको छ । साथै सवै केशहरु सामान्य अवस्थामा आएका छन् । १६ वटा समूह वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन गरियो ।

कार्यक्रमको लक्ष्य तथा उद्देश्य पूरा गर्न जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय लगायत सरकारी तथा नेपाल पत्रकार महासंघ, गैर सरकारी महासंघ, गैरसरकारी संस्थाहरुसंगको समन्वय तथा सहकार्यमा क्रियाकलापहरु संचालन भएका छन् ।

## यस आर्थिक वर्षको गतिविधि सम्पादनको अवश्था :

| क.सं. | गतिविधि | एकाई | वार्षिक लक्ष्य | उपलब्धी | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | उपलब्धी | पुरुष | महिला | जम्मा |
| 1 | आप्रवासी स्रोत केन्द्रमा परामर्श | जना | 5000 | 17010 | 10495 | 6515 | 17010 |
| 2 | गहन अभिमुखीकरण कार्यक्रम | पटक | 8 | 8 | 149 | 185 | 334 |
| 3 | सामुदायिक अभिमुखीकरण | पटक | 16 | 16 | 256 | 302 | 558 |
| 4 | वैदेशिक रोजगारीको समस्या दर्ता | जना | | | 207 | 42 | 249 |
| 5 | समस्या समाधान | जना | | | 64 | 20 | 84 |
| 6 | आर्थिक सहायता तथा रकम फिर्ता | रकम | | | 40155000 | 2540000 | 42695000 |
| 7 | अघिल्ला वर्षका केश समाधान | जना | | | 66 | 1 | 67 |
| 8 | आर्थिक सहायता तथा रकम फिर्ता | रकम | | | 23126000 | 0 | 23126000 |
| 9 | व्यक्तिगत मनोसामाजिक परामर्श | जना | 120 | 121 | 11 | 110 | १21 |
| 10 | रिटर्नी स्वयँसेवक परिचालन | जना | 11520 | | 5909 | 5632 | 11541 |
| 11 | वित्तीय साक्षरता कक्षा संचालन | समुह | 4 | 4 | 0 | 430 | 430 |
| 12 | सरोकारवालाहरुसंग अन्तर्क्रिया | पटक | 12 | 12 | 249 | 150 | 399 |
| 13 | स्थानीय तहबाट अनुगमन | पटक | 8 | ५८ | ४० | १८ | ५८ |
| 14 | कार्यक्रम व्यवस्थापन समितिको वैठक | पटक | 2 | 2 | 62 | 24 | 86 |
| 15 | जिल्ला प्रशासन कार्यालयसंग वैठक | पटक | 2 | 2 | 21 | 10 | 31 |
| 16 | रोजगार सेवा केन्द्रसंग वैठक | पटक | 1 | 1 | 16 | 7 | 23 |
| 17 | अर्धवार्षिक समिक्षा वैठक | पटक | 2 | 2 | 39 | 30 | 69 |
| 18 | आप्रवासी कामदार संजाल सहयोग | पटक | 2 | 2 | 22 | 22 | 44 |
| 19 | आप्रवासी कामदार दिवश | पटक | 1 | 1 | 17 | 21 | 38 |
| 20 | सूचनामूलक सामग्री उत्पादन | संख्या | 20000 | 20000 | | | 20000 |
| 21 | रेडियो जिंगल प्रशारण | एफएम | 2 | 2 | | | 2 |
| 22 | जिल्ला समन्वय समिति वैठक | पटक | 2 | 2 | 45 | 18 | 63 |
| | जम्मा | | | | १७६६८ | 13537 | ३१२०५ |

**आ. व. २०८०।०८१ मा सामी कार्यक्रमबाट लाभान्वित जातीगत विवरण**




खण्ड ग


विषयगत उपलब्धीहरु

## १. सूचनामा सहयोग :

वैदेशिक रोजगारमा जानेहरुका लागि सहि सुचना तथा जानकारी प्रदान गरेर रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र व्यवस्थित बनाउनका लागि सूचनामा पहूँच बढाउने उद्धेश्यले आप्रवासी स्रोत केन्द्रद्धारा विभिन्न माध्यमको प्रयोग गरेर संभावित कामदारहरुलाई व्यक्तिगत, सामुहिक तथा स गहन अभिमुखीकरण, समुदायस्तरमा रहेका औपचारिक तथा अनौपचारिक समूहहरुमा सामुदायिक अभिमुखिकरण जस्ता विभिन्न क्रियाकलाप संचालन गरियो । यस अवधिमा विभिन्न स्रोतहरुमार्फत आप्रवासी स्रोत केन्द्रमा जम्मा १७०१० जना ( १०४९५ जना पुरुष तथा ६५१५ जना महिला) आएर सूचना लिएका छन् । वित्तीय साक्षरता कक्षा तथा अभिमुखीकरण कृयाकलापहरुमार्फत २६६४ जना (१२६४ जना पुरुष तथा १३९० जना महिला) तथा रिटर्नी स्वयंसेवक तथा सामाजिक परिचालनबाट २८५४१ (१६४०४ जना पुरुष र १२१४७ जना महिला) लाई सुरक्षित वैदेशिक रोजगारीको बारेमा सूचना सम्प्रेषण गरिएको छ ।




यस आर्थिक वर्षमा ४ वटा स्थानिय तहका विभिन्न स्थानहरुमा २।२ वटा गहन अभिमुखीकरण तथा ४।४ वटा सामुदायिक अभिमिखीकरण संचालन गरियो । यस प्रयोजनका लागि प्रत्येक स्थानीय तहहरुमा ३ जनाका दरले रिटर्नी स्वयंसेवकहरु समेत परिचालन गरिएको थियो ।




## २. सीपमा पहुँच

नेपालबाट वैदेशिक रोजगारीमा जाने मध्ये करिब ५५ प्रतिशत कामदारहरु अदक्ष वा बिनासिप नै जाने गरेको विभिन्न तथ्यांकहरुले देखाएको छ । यस कुरालाई मध्यनजर गरेर विगतका वर्षहरुमा सामी कार्यक्रम अन्तर्गत सिप तालिम लिएर वैदेशिक रोजगारीमा जानका लागि सूसुचित गर्दै आवश्यक सहजिकरणको कार्य गरिदै आईरहेको छ । कार्यक्षेत्रभित्र र वरपरका क्षेत्रबाट आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरेका तथा फोन फलोअपबाट सम्पर्क गरेर संभावित कामदारहरुलाई यस वर्ष पुरुषहरुका लागि ईलेक्ट्रिसियन, प्लम्बर तथा महिलाहरुको लागि गार्मेण्ट तालिममा ३७ जना सिफारिस गरिए तापनि तालिममा २८ जना सहभागी भएका छन् ।





## ३. वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा कार्यक्रम-



वैदेशिक रोजगारमा गएका कामदारका परिवारहरुलाई आत्मनिर्भर बनाउन र वैदेशिक रोजगारीमा आर्जन गरेको रेमिटान्सबाट प्राप्त रकमको सहि तथा व्यवस्थित सदुपयोगका लागि योजना निर्माणमा सघाउ पुर्याउने उद्येश्यका साथ यस अवधिमा वित्तिय साक्षरता कार्यक्रम ४ वटा स्थानीय तहहरुमा १६ वटा स्थानमा ४३० जना सहभागीहरुलाई वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन गरियो । कक्षामा २१ हप्तामा २१ दिन उक्त कक्षा संचालन गरिन्छ । साप्ताहिक रुपमा संचालन हुने उक्त कक्षामा ४ वटा सत्र मनोसामाजिक परामर्श सेवासंग सम्बन्धित हुन्छन् र मनोसामाजिक परामर्शकर्ताद्वारा उक्त सत्रहरुको सहजीकरण गरिन्छ ।

३.१. वित्तीय साक्षरता कार्यक्रमका केही उपलब्धीहरु (सहभागी ४३० जना)-

यस वर्ष ४३० जना सहभागी मध्ये ४११ जनाले दैनिक हिसावकिताव राख्ने गरेका छन् । त्यसैगरी वचत रकममा वृद्धि गर्ने १५६ जना रहेका छन् । उपर्युक्त तालिकामा उल्लेखित संख्या आगामी दिनमा वृद्धि हुँदै जाने विश्वास गरिएको छ । यसको लागि मासिक रुपमा फलोअप गर्ने र तथ्यांक लिने व्यवस्था गरिने छ ।




## ४. न्यायमा सहयोग



वैदेशिक रोजगारीले राष्ट्रका निम्ति योगदानका साथमा विकृतिहरु तथा समस्याहरु पनि निम्त्याईरहेको छ । यसका लागि पिडित पक्षलाई न्याय दिलाउनुपर्ने आवश्यकताको महसुस गरि वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, गन्तव्य देशका दुतावास, सामी हेल्भेटास, पिएनसीसी, पिपुल्स फोरम, जिल्लामा रहेका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा स्थानीय तहका न्यायिक समितिहरुको सहयोगमा नगरपालिका तथा आप्रवासी स्रोत केन्द्रले कार्य सम्पादन गर्दै आइरहेको छ ।

## ४.१. आप्रवासी स्रोत केन्द्रमा आएका केशको विवरण



आप्रवासी स्रोत केन्द्रमा दर्ता हुन आएका यस आर्थिक वर्षमा २४९ वटा (४२ वटा महिला) केशहरु दर्ता भएकोमा यस वर्षका ८४ वटा (२० वटा महिला) र अघिल्लो वर्षका ६७ ( १जना महिला) गरी १५१ वटा समस्या पिपुल फोरम, पिएनसिसी सिफारिस गरी वैदेशिक रोजगार विभाग, वोर्ड, गन्तब्य देशमा रहेका नेपाली दुतावास तथा सामी हेल्भेटास, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयहरुको संयुक्त प्रयासमा समाधान भएका छन् । मृत्यु, ठगी, विरामी क्षतिपूर्तिको रुपमा यस वर्षको ४ करोड २६ लाख ९५ हजार रुपैंया तथा अघिल्ला वर्षहरुको २ करोड ३१ लाख २६ हजार रुपैंया गरी ६ करोड ५८ लाख २१ हजार रुपैयां सेवाग्राहीहरुलाई दिलाउन पिएनसिसी, वैदेशिक रोजगार विभाग तथा वोर्ड र आप्रवासी स्रोत केन्द्रसंगको समन्वयमो सहजीकरण गरियो ।

## Details of cases dealt by the MRC

| Cases | Entry | | | Solved | | | Compensation |
|---|---|---|---|---|---|---|---|
| | Male | Female | Total | Male | Female | Total | |
| Cheating | 122 | 20 | 142 | 31 | 11 | 42 | 6720000 |
| Death | 37 | 4 | 41 | 20 | 2 | 22 | 31100000 |
| Health | 30 | 12 | 42 | 8 | 3 | 11 | 4875000 |
| Jail | 13 | 1 | 14 | 4 | 0 | 4 | 0 |
| Missing | 4 | 1 | 5 | 0 | 1 | 1 | 0 |
| Rescue | 1 | 3 | 4 | 0 | 3 | 3 | 0 |
| Other | 0 | 1 | 1 | 0 | 1 | 1 | 0 |
| **Total** | **207** | **42** | **249** | **63** | **21** | **84** | **42695000** |

**Carryover Cases**


| Cases | Male | Female | Total | Compensation |
|---|---|---|---|---|
| Cheating | 31 | 11 | 42 | 5490000 |
| Death | 20 | 2 | 22 | 14500000 |
| Health | 8 | 3 | 11 | 3136000 |
| Jail | 4 | 0 | 4 | 0 |
| Missing | 0 | 1 | 1 | 0 |
| Rescue | 0 | 3 | 3 | 0 |
| Other | 0 | 1 | 1 | 0 |
| **Total** | **63** | **21** | **84** | **23126000** |

### ५. मनोसामाजिक परामर्श

नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका विभिन्न स्थानहरुमा बैदेशिक रोजगारका क्रममा आएका मनोसामाजिक समस्याहरु विभिन्न माध्यमबाट संकलन गर्ने र समस्याको यथार्थको बारेमा जानकारी प्राप्त लिईयो । रिटर्नी, संचार साधन, विद्यालय सचेतना कार्यक्रम, स्थानिय महिला अगुवा, समुह मनोपरामर्श, मनोसामाजिक परामर्शकर्ता स्वयम्का माध्यमबाट वैदेशिक रोजगारका कारणबाट समस्यामा परेका व्यक्ति तथा तिनका परिवारको समस्या पहिचान गरी उनीहरुको मनोगत समस्या पत्ता लगाइ विभिन्न विधिहरु प्रयोग गरी समस्या न्युनिकरण गरिएको छ ।



आप्रवासी स्रोत केन्द्रमा आएका तथा समुदाय भेटघाटबाट भेटिएको मनोसामाजिक समस्याहरु मध्ये अवस्था विश्लेषण गरि यस अवधिमा व्यक्तिगत १२१ वटा केशदर्ता गरि व्यक्तिगत रुपमा वित्तीय साक्षरता कक्षा संचालन भएका १६ वटा समूहहरुमा सामुहिक मनोसामाजिक परामर्श गर्ने काम गरिएको छ ।हाल सबै केशहरु बन्द भएका छन् ।




६. स्थानीय सरकारबाट सामी कार्यक्रमको दिगो व्यवस्थापनका लागि गरिएका प्रयासहरुः

- सुरक्षित आप्रवासन कार्यविधि पारित तथा कार्यान्वयन ।
- आवधिक योजनामा सुरक्षित वैदेशिक रोजगारीको सवाललाई पनि समेटिएको ।
- आन्तरिक रकमको व्यवस्थाका साथ सामाजिक परिचालन अधिकृत तथा आप्रवासी स्रोत केन्द्र सहायक परिचालन गरी सामी कार्यक्रम अन्तर्गतका गतिविधिहरु संचालन ।
- वैदेशिक रोजगारी सम्बन्धी पार्श्वचित्र निर्माण गरिएको ।
- नगरपालिकामा श्रम तथा रोजगार शाखाको निर्माण गर्ने निर्णय र कार्यान्वयन ।

## खण्ड घ
## चुनौती र निष्कर्ष

### चुनौतीहरु -

- एजेन्टको प्रावधान नभए पनि एजेन्टको विगविगी रहेको र नजिकका नातागोताहरु नै एजेन्ट हुने भएकोले उनीहरुलाइ विश्वास गर्ने ।
- खुला सिमानाको कारण मानव वेचविखनको लागि सहज भएको ।
- नयाँ गन्तव्य मूलुकहरुमा (युरोप तथा दक्षिण अफ्रिका) लैजाने वहाना र भिजिट भिषामा लैजाने क्रम भएकोले ठगी धन्दामा वृद्धि भएको) ।
- रुसी सैन्य समस्याको समाधान गर्ने जमर्को भए पनि प्रगति नभएको ।

## निश्कर्ष

सुरक्षित आप्रवासन कार्यक्रम स्थानीय सरकारको नेतृत्वमा कार्यान्वयन भईररहेको सन्दर्भमा सवालप्रति स्थानीय सरकारले अपनत्व लिने प्रयास गरिएको छ । स्थानीय सरकारको सामु जनताको प्रत्यक्ष जीवनसंग जोडिएका अनगिन्ती सवालहरु छन्, जसलाइ अनिवार्य रुपमा सम्बोधन गर्नुपर्ने दायित्व स्थानीय सरकारको छ । तसर्थ सवै सवालहरुको न्यायोचित तरिकाले सम्बोधन गर्ने क्रममा सुरक्षित आप्रवासनको सवाल सम्बोधनका लागि समय तथा सिमित श्रोत साधनहरुको बावजुद प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न जमर्को गरियो । फलस्वरुप महत्वपूर्ण नतिजाहरु हासिल भएका छन् । वैदेशिक रोजगारीको क्रममा संभावित कामदार तथा आप्रवासी कामदारहरुले सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्राप्त गर्नु, समस्यामा परेका सेवाग्राहीहरुले कानूनी सहायता प्राप्त गर्नु,  वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा मार्फत आप्रवासी कामदारका परिवारहरु आत्मनिर्भरतातर्फ उन्मुख हुनु जस्ता नतिजाहरु हासिल हुनुले नगरपालिकालाई यसप्रति थप जिम्मेवार बन्न उत्साहित बनाएको छ ।  आगामी वर्षहरुमा स्थानीय सरकार यस सवाललाई सम्बोधन गर्न थप योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

## सामुदायिक झोलुङ्गे पुल कार्यक्रम

### १. पृष्ठभुमी



स्थानीय बासिन्दाहरुको दैनिक जीवन यापनमा सहजता ल्याउन नेपाल सरकारले गरेको गौरवको आयोजना मध्ये सामुदायिक झोलुङ्गे पुल कार्यक्रम पनि एक महत्वपूर्ण कार्यक्रम हो । यो कार्यक्रम सफल बनाउनु हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) को समेत जिम्मेवारी महशुश गरी नवलपरासी पुर्व र पश्चिम जिल्लाहरुमा विगत २०६३ साल देखी सरकारी तथा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा **"सामुदायिक झोलुङ्गे पुल कार्यक्रम" निरन्तर** संचालन गरिँदै आएको छ । सामुदायिक झोलुङ्गे पुल स्थानीय समुदायद्धारा पुलको आवश्यकता महशुस गरी समस्याको विश्लेषण सहित आवश्यक स्रोत साधनको पहिचान गरी स्थानीय समुदायको अगुवाई तथा व्यवस्थानपनमा पुल निर्माण गरिन्छ । यस कार्यक्रमले समुदायको स्वामित्व बोध गराई पुलको मर्मत संभार रेखदेखमा समेत स्थानीयको सहभागिता सुनिश्चित गराउँछ जसले गर्दा पुलको दीर्घकाल सम्म जतन तथा उपयोगको सुनिश्चितता हुन्छ । समुदायलाई जीवन यापनको लागि आवश्यक सेवा सुविधाको पहुँचमा सहजता तथा दिगोपन ल्याउँछ । हिकोडेफको मुख्य भूमिका भनेको पुलको आवश्यकता पहिचानमा सहजिकरण, निर्माण

पूर्वको चरणमा हुने सम्पूर्ण प्रकृयामा सहयोग र निर्माण देखी सम्पन्न गरिदाँसम्मको अवधिमा सामाजिक तथा प्राविधिक कार्यमा समुदायलाई सहयोग उपलब्ध गराई पुलको दीगोपनाका लागि मर्मत सम्भार समिति गठन गर्ने र स्थानीयवासीको रोजगारीको सुनिश्चितता कायम गराउने हो ।


पारदर्शिताका लागि निर्माण स्थलमा राखिएको होर्डिङ्ग बोर्ड

हिमालयन सामुदायिक विकास मञ्चले तत्कालिन जिल्ला विकास समिति नवलपरासीको सहयोगमा संचालित यो कार्यक्रम वि. सं.२०६३ साल (सन् २००६) देखि हालसम्म देशको संघिय संरचना अनुसार नवलपरासी (पूर्व तथा पश्चिम) मा कार्यरत छ र सन् २००६ देखी हालसम्म जम्मा ५९ वटा झो.पु.हरु निर्माण सम्पन्न गरि सकिएको छ ।
यस आर्थिक वर्षमा व.सु.पूर्व जिल्ला भरीको चार गाउँपालिकाहरु र तीन नगरपालिकाहरु गरी जम्मा सातवटा पालिकाहरु र नवलपरासी व.सु.पश्चिमको दुई नगर पालिका र एक गाउँ पालिका गरी तीन वटा स्थानीय निकायहरुमा झो. पु. निर्माणको विभिन्न चरणमा रहेका छन् । पूर्व र पश्चिम दुवै जिल्लामा हिकोडेफले यस बर्ष झो.पु.को आवश्यकता, सम्भावना, सर्भे/डि.पि.आर. निर्माणका लागि स्थानीय निकायहरुको सहकार्यमा सामाजिक तथा प्राविधिक रुपमा सेवा प्रदान गर्दै आएको छ । यो वर्ष जम्मा ५ वटाको निर्माण कार्य सम्पन्न गरी स्थानीय गा.पा./न.पा.मा हस्तान्तरण भएको छ भने बाँकी २१ वटा पुलहरुको सम्झौता गरी क्रमागत रुपमा रहेका छन् । साथै थप सर्भेका लागि गा.पा. र न.पा हरुबाट समेत कार्यादेश प्राप्त भएको छ । यस कार्यक्रम अर्न्तगत हिमालयन सामुदायिक विकास मन्चको भूमिका तथा आ व २०७९/०८० मा सम्पन्न गरिएका क्रियाकलापहरुको प्रगति निम्न बमोजिम रहृयो ।

## २. झो.पु. निमार्ण प्रक्रिया तथा क्रियाकलापमा हिकोडेफको भुमिका:


निर्माण सम्पन्न चनौटेखोला झो.पु.

स्थानीय समुदायहरुमा पुल निर्माण कार्य शुरु गर्नु भन्दा अगाडि समुदायको माग र आवश्यकता वास्तविक छ वा छैन भनी हिकोडेफबाट प्रारम्भिक रुपमा स्थलगत अध्ययन गरेर मात्र निम्न चरणहरु पूरा गरिन्छ ।

**३. लक्ष्य**

विशेष गरी पहाडी तथा ग्रामीण क्षेत्रमा सामाजिक विकासको रुपमा बाटोमा पुल नभएर विद्यालय जान नसक्ने, पछाडि परेका विपन्न एवम् वञ्चितमा परेका सीमान्तकृत समुदायको विकास एवम् सशक्तीकरणका माध्यमबाट उपलब्ध श्रोत, साधन, सेवा सुविधामा पहुंच, निर्णय प्रकृयामा सहभागिता, नियन्त्रण सृजना गरी सेवा प्रदायकलाई समुदायको हितमा हुने विकास कार्यमा प्रभाव पार्दै उत्तरदायी एवम् प्रभावकारी रुपमा सेवा प्रदान गरी समुदायको विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने ।

चनौटे पुल निर्माणको अन्तिम सा.ले.प. गर्दै



**४. उद्देश्यहरु**

- ग्रामीण क्षेत्रमा सामाजिक विकासकारुपले अति विपन्न र वञ्चितिमा परेका समुदायको झो.पु.को माग संकलन गरी ती समुदायको विकास निर्माण कार्यमा सहयोग गर्ने ।
- विद्यालय स्तरका बालबालिकाहरुलाई दैनिक आवत जावत गरी नियमित शिक्षा आर्जन गर्ने वातावरण तयारी गर्ने ।
- योजना तर्जुमा, प्राथमिकिकरण, कार्यान्वयन गरी गा.पा. ⁄ न.पा.मा पठाई कार्यक्रमलाई अगाडि बढाउने ।
- गा.पा. ⁄ न.पा. एवम् अन्य सरकारी, गैर सरकारी संस्थाले वढि समावेशी, नीति र तिनको काम गर्ने तरिका, ब्यवहार, शैली, प्रवृतिमा सकारात्मक परिवर्तन ल्याई संस्थागत, नीतिगत, कानुनी एवं संरचनागत सुधार एवं परिवर्तन ल्याउन सक्षम वनाउने ।
- सामाजिक विकास निर्माण प्रति समुदायको दायित्व र कर्तव्य निर्वाह गर्ने भूमिका वारे सचेत गराउने ।
- समुदायलाई झो.पु. निर्माण प्रक्रिया बारे जानकारी गराई सामाजिक तथा प्राविधिक सहयोग गरी विकास निर्माण कार्यलाई सबल र सक्षम तरिकाले अगाडि बढाउन प्रेरित गराउने ।

## झो पु. निमार्णका चरणहरु

### ➢ निमार्ण पुर्व चरण

- गा.पा. ⁄ न.पा., TBSU/PTAP सँग संयुक्त रुपमा बसेर छलफल
- माग संकलन ।
- सामुदायिक भेला, उपभोक्ता समिति गठन ।
- सामाजिक मुल्यांकन तथा विस्तृत सर्वेक्षण ।
- सार्वजनिक सुनुवाई ।
- पुलको डिजाईन, ईस्टिमेट, नक्शा तयार ।

- पुलको डिजाईन, ईस्टिमेट, नक्शा स्वीकृति ।
- गाउँपालिका/नगरपालिका र उपभोक्ता समितिवीचको सामुदायिक सम्झौता ।
- नमुना झो.पु. तालिम ।

➢ **निमार्ण चरण**

- स्थानीय सामाग्री संकलन देखि पुलको सम्पुर्ण जडान सम्पन्न गर्ने सम्मको कार्य ।
- अभिलेख तथा लेखा र योजना खाता अध्यावधिक(सामाजिक तथा प्राविधिक कार्य)
- **सार्वजनिक समिक्षा ।**
  टावर निर्माण, लठ्ठा तान्ने र कंक्रिट सम्पन्न भएपछि अघिल्लो चरणमा गरेका कृयाकलापरुको सार्वजनिक समिक्षा हुने गरेको ।

➢ **निमार्ण पछिको चरण :**

- पुलको अन्तिम जाचँपास र समितिलाई कार्य सम्पन्न प्रमाण पत्र हस्तान्तरण ।
- **सार्वजनिक लेखापरिक्षण ।**
- नियमित मर्मत संभार समिति गठन, पुल हेरालु तय ।
- पुल निमार्णपश्चात समुदायमा पारेको असर अध्ययन ।
- समितिको विल भरपाई र प्रतिवेदन तयारीमा सहजीकरण ।
- प्रतिवेदन तयारी गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- उपभोक्ता समितिले रकम पाएको वा नपाएको यकिन गर्ने र कामदार ज्याला भुक्तानी समेतको यकिन गर्ने
- पुल हस्तान्तरण गराउने



निर्माण पूर्व सार्वजनिक सुनुवाई गर्दै

## ५. सम्पन्न गरिएका क्रियाकलाप तथा प्राप्त उपलब्धीहरु

- यस कार्यक्रमबाट आ.व. २०७९/०८० मा निम्न ५ वटा झो.पु.हरु निर्माण कार्य सम्पन्न भयो ।

| क्र. स. | झो.पु.को नाम | ठेगाना | प्रदेश | कैफियत (पुलको लम्बाई) |
|---|---|---|---|---|
| १ | पानीघट्ट झो.पु. | बुलिङटार ४ | गण्डकी प्रदेश | ७१ मि |
| २ | बोझ्झाघाट झो.पु. | मध्यविन्दु १३ | गण्डकी प्रदेश | ४८ मि |
| ३ | चनौटे खोला तीन दुमै | विनयी त्रिवेणी गा.पा. ५ | गण्डकी प्रदेश | ४९ मि |
| ४ | खुमबारी खार खोला | विनयी त्रिवेणी गा.पा. ५ | गण्डकी प्रदेश | ८३ मि |
| ५ | नारायणी घोल सालघारी | देवचुली १५ | गण्डकी प्रदेश | ३२८२ मि |

- आ.व. २०८०/०८१ मा सम्पन्न गर्ने गरी क्रमागत रुपमा रहेका १४ वटा पुलहरु ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | पुलको लम्बाई | कैफियत (विद्यमान चरण) |
|---|---|---|---|---|
| १ | भुताहा चापी | बर्दघाट १० | २८ मि | Pile Cap ढलान सम्पन्न । |
| २ | बुद्ध व स्ती पवित्र वस्ती | बर्दघाट १४ | ३२ मि | Pile Cap ढलान सम्पन्न । |
| ३ | चारघरेघाट झो.पु. | सुनवल न.पा. ४ | ११९.८० मि | Pileing ढलान सम्पन्न । |
| ४ | खेईखोला | हुप्सेकोट ५ | ७२ मि | पहिलो ले आउट सम्पन्न । |
| ५ | मुरलीखोला | हुप्सेकोट ६ | ५१ मि | पहिलो ले आउट सम्पन्न । |
| ६ | कहरे खोला रुखुन्दी | बुलिङटार १ | ८२ मि | सामुदायीक सम्झौता सम्पन्न |
| ७ | चरचरे खोला | बुलिङटार २ र ३ | ३२ मि | सामुदायीक सम्झौता सम्पन्न |
| ८ | डुम्रीकुना विसमुरे | बुलिङटार ३ | ९४ मि | सामुदायीक सम्झौता सम्पन्न |
| ९ | बेलासपुर झो.पु. | पाल्हीनन्दन गा.पा. ३ | ५५ मि | सामुदायीक सम्झौता सम्पन्न |
| १० | शंकरपुर झो.पु. | पाल्हीनन्दन गा.पा. १ | १०४.२० मि | म्भकष्नल भ्कतष्बतभ सम्पन्न |
| ११ | शान्ती पार्क | बुलिङटार ३ | २० मि | सामुदायीक सम्झौता सम्पन्न |
| १२ | घुमाउरी पार्क | देवचुली न.पा.९ | ५५ मि | सामुदायीक सम्झौता सम्पन्न |
| १३ | धनन्जय भन्ज्याङ्ग | देवचुली न.पा.८ | ७० मि | सामुदायीक सम्झौता सम्पन्न |
| १४ | नयाँछाप | देवचुली न.पा.६ | ८७ मि | पहिलो ले आउट सम्पन्न । |

- आ.व. २०८०/०८१ मा नया सर्भे/डिपिआर. संशोधन गरी नयाँ निर्माणका रुपमा रहेका १० वटा पुलहरु ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | पुलको लम्बाई | कैफियत (विद्यमान चरण) |
|---|---|---|---|---|
| १ | चवार्दी खोला झो.पु | बौंदीकाली ६ | ६० मि | पहिलो ले आउट सम्पन्न । |
| २ | बबाक बजादा विर ओडार झो.पु. | बौंदीकाली ५ | ४९ मि | सर्भे/डिपिआर संशोधन गर्नुपर्ने । |
| ३ | माझडाँडा ल्हापे | बौंदीकाली ६ | २८ मि | सर्भे/डिपिआर संशोधन गर्नुपर्ने । |
| ४ | धनपुरेघाट झो.पु. | बौंदीकाली ४ | २८ मि | Design Estimate सम्पन्न । |
| ५ | थर्पुघाट झो.पु. | बौंदीकाली ४ र ५ | ८१ मि | Design Estimate सम्पन्न । |
| ६ | ढुंगीघाट झो.पु. | बौंदीकाली ४ | ३२ मि | सर्भे/डिपिआर. संशोधन गर्नुपर्ने । |
| ७ | फर्साघाट झो.पु. | कावासोती १७ | ५३ मि | Design Estimate सम्पन्न । |
| ८ | नरायणचोक गंगा बस्ती स्टि्ल ट्रस | बर्दघाट १४ | २८८२ मि | Design Estimate सम्पन्न । |

| | | | | |
|---|---|---|---|---|
| ९ | नौडीहवा<br>पोटाहा स्टि्ल ट्रस | बर्दघाट १५ | ३२ मि | Design<br>Estimate सम्पन्न । |
| १० | ज्यामिरे झो.पु. | विनयी त्रिवेणी<br>गा.पा. २ | ६४ मि | Design<br>Estimate सम्पन्न । |

## ६. समस्याहरु

- मुख्य जिम्मेवार कर्मचारीहरुको छोटो समयमा सरुवा हुने गर्दा पुल कार्यक्रमको वारेमा बुझाईमा फरक हुने र काममा ढिलाई एवम् स्थगित समेत हुने गरेको ।
- काम सम्पन्न भए पश्चात् रकम माग पेश हुँदा समेत समितिले र गै. स. स.ले समयमा भुक्तानी नपाउने गरेको ।
- सामुदायिक स्तरका विवाद समाधानमा एकदमै धेरै समय दिनुपर्ने हुँदा थप खर्चिलो बन्ने
- कामदार वीमा गर्न ढिलाई हुँदा समयमा काम सम्पन्न नभएको र समुदायले नै खर्च गर्नु पर्दा रकम अपुग भएको ।
- स्थानीय निकायहरुबाट समयममा नै फेब्रिकेशनको सूचना नहुने र ढिला गरि हुने जसले गर्दा समयमा काम गर्न नसकिएको साथै ठेकेदार कम्पनीले बीच बाटोमा सामान छोडेर ड्रिने गरेको ।

## ७. सुझावहरु

- पुल हाम्रो हो भन्ने खालको साझा धारणा सहित कार्य गर्न स्थानीय तह, त्यक्म र हिकोडेफ वीच संयुक्त छलफलको आयोजना गर्नुपर्ने । कतिपय अवस्थामा त्यक्मरएत्व्ए बाट समयमा कागजात प्राप्त नहुँदा काममा निकै असर पर्न गएको महशुश भएको छ । (उदाहरणका लागि नारायणी घोल सालघारी, शान्ती पार्क, फर्साघाट झो.पु. आदि)

## ८. यस वर्ष सम्पन्न भएका ५ वटा पुलहरुबाट प्रत्यक्ष लाभान्वित घरधुरी र जनसंख्या

| जातिगत विवरण | घरधुरी संख्या | | | लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | गरीव | गरीव बाहेक | जम्मा | महिला | पुरुष | जम्मा |
| दलित | ४५ | १९ | ६४ | १७३ | १६९ | ३४२ |
| जनजाती | ४५४ | १०३ | ५५७ | १७५९ | १६३२ | ३३९१ |
| अल्पसंख्यक | | | | | | NA |
| बाहुन, क्षेत्री, ठकुरी | १७५ | ८३ | २५८ | ७०९ | ६८६ | १३९५ |
| जम्मा | ६७४ | २०५ | ८७९ | २६४१ | २४८७ | ५१२८ |

**झो.पु.बाट रोजगारी प्राप्त गर्ने कामदार संख्या**

| दलित | जनजाती | अल्पसंख्यक | ब्राम्हण क्षेँत्री, | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|

| | | | ठकुरी | | | |
|---|---|---|---|---|---|---|
| १३४ | ११३५३ | ४१८ | १२६ | ११७३ | १०८५८ | १२०३१ |

## सामाजिक सेवा ईकाई

गत आर्थिक वर्ष देखी हिमालयन सामुदायिक विकास मन्चले मध्यविन्दु जिल्ला अस्पतालको साझेदारीमा त्यस अस्पतालमा नै स्थापित सामाजिक सेवा ईकाई व्यवश्थापनको जिम्मेवारी लिएको थियो । यस अर्न्तगत मूलतः कर्मचारी चयन, नियुक्ती तथा परिचालनको काम गरिएको थियो । दैनिक कर्मचारी परिचालनको काम भने व्यावहारिक रुपमै पनि अस्पतालकै प्रशासनले नै गर्दा नै सहज हुने भएकाले त्यहिँबाट नै गर्ने गरिएको थियो । कार्यक्रम अर्न्तगत तीन जना स्वास्थ्य प्राविधिक महिला कर्मचारीहरुलाई परिचालन गरिएको थियो ।

यस कार्यक्रमका कारण हिमालयन सामुदायिक विकास मन्चको सामाजिक क्षेत्रमा मात्र नभई सामाजिक स्वास्थ्य तथा परोपकारको काममा पनि योगदान रहेको थियो । संस्थागत रुपमा यसका कारण समन्वय र पहुँच फराकिलो बनाउन मद्दत पुगेको छ ।

### हिमालयन सामुदायिक विकास मन्च (हिकोडेफ) वार्षिक बजेट २०७९-०८०

| क्र. सं. | परियोजनाको नाम | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षित आप्रवासन (सामी) | रु १,५३,००,००० | १ साउन २०८० – ३१ असार २०८१ |
| २ | LFAP | रु. १९,४३,१६४ | १५ सेप्टेम्बर २०२३ – १४ सेप्टेम्बर २०२४ |
| ३ | झोलुंगे पुल कार्यक्रम | आवश्यकता अनुसार | पुलको प्रगतीमा निर्भर हुन्छ । |
| ४ | मध्यविन्दु अस्पताल सामाजिक सेवा ईकाई | रु. ७,४७,४९५ | १ साउन २०८०–३१ असार २०८१ |
| ५ | जम्मा | रु.१,८१,९३,४६३।१७ | झो.पु. कार्यक्रम बाहेकको मात्र |

### कर्मचारी संख्या ०८०-०८१

| क्र. सं. | परियोजनाको नाम | कर्मचारी संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | महिला | पुरुष | पूर्णकालिन | आंशिक | जम्मा |
| १ | **हिकोडेफ आन्तरिक** | ० | १ | ० | १ | ० | १ | ० | १ |
| २ | सुरक्षित आप्रवासन (सामी) | १ | ९ | १६ | १४ | १२ | १४ | १२ | २६ |
| ३ | LFAP | ० | | ३ | ० | ३ | १ | २ | ३ |
| ४ | झोलुंगे पुल कार्यक्रम | ० | ० | २ | ० | २ | २ | ० | २ |
| ५ | मध्यविन्दु अस्पताल सामाजिक सहयोग ईकाई | ० | ३ | ० | ३ | ० | ३ | ० | ३ |
| | **जम्मा** | १ | १३ | २१ | १८ | १७ | २१ | १४ | ३५ |

## केही प्रतिनिधिमुलक घटनाहरु:

### १. बविताको दुखमा मल्हम लगाईयो ।




पर्वतबाट बसाईं सरी आएकी बविता जैसी माइती नजिकै गैडाकोट १३, कैलाशटोलमा घर बनाएर माईतीका आमा बाबु र भाईको साहरामा बसेकी थिईन । उनका श्रीमान गोकुल प्रसाद जैसी (राहदानी नम्बर ०७२५६९५०) भने वैदेशिक रोजगारीको सिलसिलामा कतारमा कार्यरत थिए । श्रीमानको कमाईमा भरथेग गर्नका लागि उनले भने गैडाकोट क्षेत्रमा ठेलामा चटपट बनाई विक्री गरी केही आम्दानी गर्ने गर्थिन । उनको पसलमा चटपट खाने क्रममा सामी कार्यक्रमका रिटर्नी स्वयंसेवकलाई निजको श्रीमानको वैदेशिक रोजगारीकै सिलसिलामा कतारमा २०७८ माघ ९ गते अज्ञात कारण निधन भएको जानकारी भयो । त्यसपछी यो घटनालाई कार्यालयमा रिफर भयो र सामी परियोजनाले यस केशमा काम गर्न थाल्यो ।

परिवारको कमाई गर्ने मूल मान्छे श्रीमान गुमाईसकेपछि उनको मानसिक, शारीरिक अवस्था नाजुक हुँदै गएको रहेछ । २ जना सन्तानलाई पालन पोषण लगायत शिक्षा दिक्षाका लागि खर्च गर्न समस्या हुन थालेपछी गर्जो टार्नका लागि चटपट पसलको शुरु गरेकी रहिछन ।

यद्यपी वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यको मृत्यु भएमा नेपाल सरकार र वीमा कम्पनीबाट परिवारको हकवालाले अर्थिक सहायता प्राप्त गर्ने कुरा वविता लगायत त्यस समुदायमा कसैलाई पनि जानकारी रहेनछ । यही असार ५ गते सामी कार्यक्रममा कार्य गर्ने रिटर्नी स्वयंसेवक उनको पसलमा चटपट खाने क्रममा कुराकानी हुँदा श्रीमान विदेशमा मृत्यु भएको कुरा जानकारी प्राप्त हुने वित्तिकै श्रीमानको राहदानी मागेर राहदानी नम्बर मगाई आप्रवासी स्रोत केन्द्रमा वुझ्दा श्रम अवधि रहेको र क्षतिपुर्ती रकम प्राप्त हुने अवस्था देखियो ।

आप्रवासी स्रोत केन्द्र (सामी) संगको छलफल पछि दावी प्रक्रियामा गएर निज ववितासे नेपाल सरकार रु. ७ लाख र वीमा कम्पनीबाट रु. १३ लाख रकम प्राप्त गर्ने कुराको जानकारी रिटर्नी स्वयंसेवकमार्फत गराईयो । यो कुराको जानकारी पाउँदा शुरुमा त माईतीका आमा बाबु र उनि स्वयंले पनि विश्वाश गर्न सकिरहेका थिएनन । त्यसपछी वडा कार्यालयबाट बनाउने सिफारिस तथा कागजातका लागि सहजीकरण गरियो । वैदेशिक रोजगार वोर्डका लागि नगरपालिका र वीमा कम्पनीका ज्योती विमा कम्पनीमा नै सिफारिस गरियो र अन्ततोगत्वा उनले क्षतिपुर्ती स्वरुप रु २० लाख प्राप्त गरिन् ।

आर्थिक सहायता प्राप्त गरेपछि उनमा आर्थिक बोझ त केही हल्का भयो तर श्रीमान गुमाउँदाको पिडाले मनोसामाजिक समस्या कम भएको छैन र चटपट पसल स्थगित गरी सामी कार्यक्रमकै मनोसामाजिक परामर्शकर्ताको सल्लाह अनुरुप पहिले भरतपुर अस्पतालमा उपचार गर्न थालियो र उनले हाल भरतपुर अस्पतालका चिकित्सकको परामर्शमा मानसिक रोगको औषधी सेवन गरिरहेकी छिन् ।

यस विषयमा केही थाहै नभएकाले गुम्ने अवश्थामा पुगिसकेको सहयोग प्राप्तिमा सहयोग गराउन पाउँदा सामी परिवार बविताको पिडामा मल्हम लगाउन पाएको महशुस गर्दछ । आवश्यक परेमा आगामी दिनमा कार्यक्रमका मनोपरामर्शदाताको सहयोग जारी रहनेछ ।

## ३. वित्तीय साक्षरता कक्षाले आँखा खुल्यो



घरको कोही सदस्य बैदेशिक रोजकारीमा छन भने परिवारका सदस्य साधारणतया उनिमा नै निर्भर रही त्यसकै आम्दानीमा गुजारा चलाइरहेका हुन्छौ, कतिपय त फाल्तु खर्च पनि गरिरहेका हुन्छौं । जब वित्तीय साक्षरता कक्षामा सहभागी भइन्छ, त्यसपछि थाहा हुन्छ कि बैदेशिक रोजगारी दिगो आर्थिक श्रोत होइन रहेछ । मैले गरिरहेको सानो किराना पसल पनि आम्दानी त कुरै छोडौ सधैं ऋण खोजेर सामान हाल्ने अनि सहकारी र लघुबितवाट पैसा निकालेर गुजारा चलिरहेको थियो ।

यो वास्तविकता महशुस गरेपछि वित्तिय साक्षरता कक्षाले हामीमा परिवर्तनको आँखा खोलिदियो । त्यसपछि अहिले त्यही किराना पसलमा धेरै मेहनत गरेर वृद्धि गरी दैनिक तिन हजार आम्दानी हुने र घर खर्च चलाउन सक्ने बनाएको छु । बैदेशिक रोजगारीबाट आएको पैसा आयमुलक काममा नै लगाएर अब चाडै नै बिदेशमा रहेका श्रीमान लाई फेरी कामकै लागि विदेश जानु नपर्ने गरी यहीँ व्यावशायी बनाउने लक्ष्य राखेका छौं ।

सामी कार्यक्रम अर्न्तगतको वित्तीय साक्षरता कक्षाले हामीलाइ सुखीको बाटो मोडेकोमा म लगायत मेरो घर परिबार सुखी र खुसी छौ, धेरै धेरै धन्यवाद ।

कृष्ण मायाँ श्रेष्ठ
विनयी त्रिवेणी गाउँपालिका

## ४. वित्तीय साक्षरता पश्चात कृषि व्यवसायी बनिन् पवित्रा



मध्यविन्दु नगरपालिका ९ भिमरेनीकी पवित्रा सारु मगरका श्रीमान याम बहादुर साररु हाल कुवेतमा पसिना चुहाईरहेका छन् । पवित्राका अनुसार घरमा २ जना साना छोराछोरीलाई छोडेर कमाउन गएका उनी त्यहाँ प्लम्बरको काम गर्छन रे ।

सामी कार्यक्रम अर्न्तगत उनको गाउमा पनि यसपालि वित्तीय साक्षरता कक्षा चलेको थियो र उनी पनि सहभागी भईन । सो कक्षा बाट उनले धरै व्यावहारिक ज्ञान सिकेको बताउँछिन पवित्रा । उनकै भनाईमा वित्तिय साक्षरता कक्षामा सहभागि हुनु अधि उनी नयाँ लुगामा धेरै खर्च गर्ने, भएको जमिनमा पनि धान, मकै जस्ता अन्न बाहेक केही नउव्जाउने, सम्पूर्ण खर्चका लागि श्रीमानकै भर पर्ने, काम गर्ने भन्दा पनि गाउँका दिदी बहिनीहरुसंग कुरा गरेरै दिन विताउने गर्थिन । जसका कारण उनको जहिले पनि आम्दानी भन्दा खर्च धेरै हुन्थ्यो ।

नियमित वित्तिय कक्षामा गएर उनले आम्दानी खर्चको हिसाब राख्दा हुने फाईदा, बचत गर्नुको महत्व तथा फाईदा, परिवारमा कामको बारेमा छलफल तथा बाँडफाँड, पारिवारिब बजेट तथा व्यावशायिक योजना निर्माण जस्ता कुराहरु सिकिन । यसले गर्दा उनमा बैदेशिक रोजगारीको मात्र भर नपरी आम्दानीको लागि आँफैले पनि केही गर्नुपर्ने कुराको गहिरो सिकाई भयो ।

यस संगै उनले आम्दानी खर्चको नियमित अभिलेख राख्न थालेकी छन । फजुल खर्च कम गरी सकेसम्म बचत पनि गर्दछिन र खुत्रुके बचत पनि थालिसकेकी छिन । श्रीमानको बैदेशिक रोजगारीको कमाईमा भरथेग गर्न गत बर्ष देखी नै पाँच कट्ठा जमिनमा तरकारी खेती पनि शुरु गरेकी थिईन । रु पन्ध्र हजार लगानी गरेको सो तरकारी खेतिको आम्दानी गत बर्ष रु दुई लाख भयो जस्ले उनलाई धेरै हौसला दिएको छ । अवको उनको योजना श्रीमानलाई पनि यसै व्यावशायमा लगाई निर्वाहकै लागि बैदेशिक रोजगारीमा जानु नपर्ने बनाउने रहेको छ । सचेतनाका लागि वित्तिय कार्यक्रमलाई धन्यवाद छ पवित्राको ।